देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश

# देवचुली नगरपालिकाको औषधी खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७७।१०।२१

यस देवचुली नगरपालिका अन्तर्गतका प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीहरुको लागि आवश्यक औषधी खरिद गर्नुपर्ने भएकोले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रहि इजाजत प्राप्त इच्छुक औषधी उत्पादक कम्पनी, बिक्रेता तथा सप्लायर्सहरुले शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु :**

१. दरभाउपत्र यस कार्यालयको राजश्व शाखामा रु १०००।०० तिरेको (फिर्ता नहुने गरी) नगदी रसिद सहित नवीकरण गरिएका फर्म दर्ता प्रमाणपत्र, मू.अ. कर दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र, औषधी व्यवसायी दर्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न गरी यो सूचना प्रकाशन भएको मितिले १५औं दिनभित्र दरभाउपत्र खरिद गर्न सकिनेछ।

२. दरभाउपत्रमा दररेट भर्दा अंक र अक्षरमा प्रष्टसँग बुझिने गरी भर्नुपर्नेछ। अंक र अक्षरमा दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दररेटलाइ मान्यता दिईनेछ। अंक र अक्षर दुवै नलेखेमा बदर हुनेछ।

३. दरभाउपत्र साथ तपसिल बमोजिमको धरौटी रकम यस कार्यालयको ***NIC ASIA बैंक दलदलेमा रहेको धरौटी खाता नं. ०७७२०५०२११६५००७*** मा जम्मा गरेको सक्कल भौचर वा सो बराबरको मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तिमा ९० दिन म्याद भएको बोलपत्र जमानत (विडवण्ड) को सक्कल प्रति पेश गर्नुपर्नेछ।

४. दरभाउपत्र लगायतका कागजातहरु शिलबन्दी गरी खामको बाहिर पेश गर्नेको नाम, ठेगाना उल्लेख गरी सूचना प्रकाशित भएको मितिले १६औं दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराउनुपर्नेछ।

५. शिलबन्दी दरभाउपत्र १६औं दिन दिनको २:०० बजे यस कार्यालयमा कार्यालयका प्रतिनिधि र दरभाउपत्रदाता वा निजका प्रतिनिधिको रोहबरमा खोलिने छ। दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

६. औषधीहरु WHO GMP Certified Company बाट उत्पादित औषधीहरु मात्र खरिद गरिने छ। यस सँग सम्बन्धित कागजात संलग्न गर्नुपर्नेछ। सप्लाई हुने औषधीहरु प्रत्येक प्याकिङ्को बाहिर उत्पादन मिति, प्रयोग समाप्त हुने मिति र ब्याच नं. लेखिएको हुनुपर्नेछ। औषधीको म्याद १८ महिनासम्म बाँकि (प्रयोग समाप्त हुने मिति) हुनुपर्नेछ।

७. आफुले सप्लाई गर्ने औषधीहरुको आधिकारिक पत्र स्वदेशी कम्पनीको हकमा उत्पादकहरुबाट र बिदेशी कम्पनी भए राष्ट्रिय बितरकबाट लिई पेश गर्नुपर्नेछ।

८. औषधीको ढुवानी र अन्य करहरु दरभाउ पत्रदाता स्वयमले व्यहोर्नु पर्नेछ। दरभाउपत्रमा उल्लेख भएको औषधीको परिमाण थपघट हुन सक्नेछ।

९. यस सूचनामा उल्लेख भएको कुरा सोहि बमोजिम र अन्य कुरा प्रचलित नियम बमोजिम हुनेछ।

१०. दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक स्विकृती गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

११. अन्य आवश्यक कुरा बुझ्नुपरेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

तपसिल :

| सि.नं. | विवरण | लागत अनुमान रकम | धरौटी रकम |
|---|---|---|---|
| १. | विभिन्न प्रकारका औषधी खरिद गर्ने कार्य, | रु. १२,७३,६८३।०० | रु. ३१,८४३।०० (२.५%) |

प्रमुख प्रशासकीय अधिकृत
देवचुली नगरपालिका